आ.ब.२०८०/८१ को एघारौं कार्यपालिका वैठक

फागुन ३०, २०८०

आज मिति २०८० फागुन ३० गते बुधवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८०/८१ को एघारौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स. | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स. | श्री सायरा परियार | | |
| १७ | न.का.स. | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स. | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स. | श्री शान्ता राई | | |
| २० | न.का.स. | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स. | श्री सरिता घले | | |
| २२ | न.का.स. | श्री वच्चुराज वस्याल | | |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | मेयर दिर्घायू कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ मा संशोधन | १. मेयर दीर्घायू कार्यक्रम कार्यान्वय कार्यविधि,२०७८ मा संलग्न भए बमोजिम आवश्यक संशोधन गरियो ।<br>२. मेयर दीर्घायू नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रम कार्यान्वय कार्यविधि, २०८० अनुसार वडा नं. ११ को शहरी स्वास्थ्य केन्द्र र टोखा प्रदेश अस्पतालमा संचालन हुने भएकोले उक्त कार्यक्रमलाई व्यवस्थित वनाउन थप कार्मचारीहरुको समेत आवश्यकता पर्ने देखिएकोले हाल यस नगरपालिकामा स्वास्थ्य अन्तर्गत दैनिक ज्यालादारीमा कार्यरत कमर्चारीहरुलाई सोहि कार्यक्रममा आवश्यकता अनुसार खटाई काममा लगाउने । |
| ३ | व्यावसाय दर्ता अभियान सञ्चालन सम्वन्धमा | १. मिति २०८० माघ १९ को नगरकार्यपालिकाको निर्णय नं. ५ मा उल्लेख भएको टोलीमा खटिने सदस्य संख्या र टोली संख्यामा तपशिल बमोजिम संशोधन गर्ने ।<br>(तालिका तल)<br>२. उल्लेखित अभियान संचालनको लागि हाल संचालनमा रहेको राजस्व सफ्टवेयरलाई थप परिमार्जनका लागि बार्षिक मर्मत संभार खर्चको TOR ले नसमेट्ने कार्य गर्नु पर्ने भएकोले विधमान राजस्व सफ्टवेयरमा परिमार्जन गर्ने कार्य अगाडि बढाउने ।सो का लागि सूचना प्रणाली तथा सफ्टवेयर निर्माण / संचालन खर्च शिर्षकबाट कार्यान्वयन गर्ने ।<br>३. ऐ. निर्णयमा व्यावसाय दर्ता अभियान २०८० चैत्र १ गते देखि संचालन गर्ने भनिएकोमा सो मिति संशोधन गरी मिति २०८० चैत्र २८ गते देखि शुभारम्भ गर्ने । सोको सूचना, जानकारीहरु प्रचार प्रसार लगायतका कार्यहरु संचालन गर्ने । |
| ४ | आयोजनाको रकम भुक्तानी सम्वन्धमा | टोखा नगरपालिका वडा नं. ८ स्थित रमेश बानियाँको घरदेखि पूर्वपट्टीको ईनार हुदै वालुवापाटी निस्कने सडक निर्माणको लागि तेहौं नगरसभाको सि.नं. ८६८ बाट रु १० लाख रकम विनियोजन भई नगरपालिका कार्यालयले जालपादेवी टोल विकास संस्थासंग मिति २०८०-९- |

| वडा नं. | टोलिमा खटिने सदस्य संख्या | टोलि संख्या |
|---|---|---|
| १ | ५ जना | १ वटा टोलि |
| २ | ५ जना | १ वटा टोलि |
| ३ | ५/५ जना | २ वटा टोलि |
| ४ | ५ जना | १ वटा टोलि |
| ५ | ५ जना | १ वटा टोली |
| ६ | ५ जना | १ वटा टोली |
| ७ | ५ जना | १ वटा टोली |
| ८ | ५/५ जना | २ वटा टोली |
| ९ | ५/५ जना | २ वटा टोली |
| १० | ५ जना | १ वटा टोली |
| ११ | ५ जना | १ वटा टोली |

CamScanner

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | १९ मा उल्लेखित कार्यको लागि सम्झौता गरी कायदिश जारी भएकोमा सडकको माथिल्लो क्षेत्रमा लगाईएको वालको सुरक्षार्थ केहि वाल निर्माणको काम व्यक्तिको जग्गामा समेत भएको, सडक संरचनामा पुग्न सक्ने क्षति तथा सडक किनारामा रहेको घरलाई सडक निर्माणको क्रममा लगाईएको प्लमवालले पुर्याउन सक्ने क्षतिको जोखिम कम गर्न अग्लो प्लमबालको सपोर्टको लागि व्यक्तिको जग्गामा सानो वाल लगाईएको, सडक संरचना, व्यक्तिको घर र जनधनमा हुन सक्ने सम्भावित क्षति र विपद् रोकथामको लागि व्यक्तिको जग्गामा सपोर्ट वाल लगाउने कार्यको औचित्यता पुष्टि हुने देखिएकोले सो व्यक्तिको जग्गामा लगाईएको सपोर्ट वालको समेत प्राविधिक नापजाँच भई सो को आधारमा तयार भएको रु. १०४५१९३.०६ रकमको प्राविधिक मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरी सम्वन्धित संस्था श्री जालपा देवी टोल विकास संस्थालाई रकम भुक्तानी उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| ५ | वातावरणमैत्री स्थानीय शासनको स्वरुपको स्थानीयकरण | १. काठमाडौं वायू गुणस्तर कार्ययोजना र वातारणमैत्री स्थानीय शासन स्वरुपको स्थानीयकरण गर्न वातावरण संरक्षण ऐन, वातावरण मैत्री नीति तयार गर्न तपशिल बमोजिमको कार्यदल निर्माण गर्ने ।<br>वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक - संयोजक<br>सुशासन समितिको संयोजक - सदस्य<br>शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख - सदस्य<br>स्वास्थ्य शाखा प्रमुख - सदस्य<br>सामाजिक समावेशीकरण शाखा प्रमुख -सदस्य<br>प्रशासन शाखा प्रमुख - सदस्य<br>विपद् तथा वातावरण शाखा प्रमुख - सदस्य सचिव<br>२. टोखा कोर एरियाको मुल सडकलाई हप्तामा १ दिन शनिवार ३ घण्टाको लागि सवारी साधन मुक्त क्षेत्रको रुपमा विकास गर्न अध्ययन गर्ने ।<br>३. विभिन्न वडा कार्यालयमा वितरण गर्नको लागि नगरपालिका मार्फत खरिद गरिने डष्टवीन ४० लि. क्षमताको खरिद कार्यको लागि प्रकृया अगाडि बढाउने ।<br>४. टोखा शिवपुरी खानेपानी आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन कार्य ईन्भारोमेन्टल एण्ड डेभलपमेन्ट रिर्सच सेन्टरले वातावरणीय अध्ययन प्रतिवेदन पेश गरेकोले उक्त कार्यको रकम रु . ४०९८५१/- कन्टिजेन्सीबाट भुक्तानी उपलव्ध गराउने । |
| ६ | अनुदानमा सावुन वनाउने मेसिन उपलव्ध गराउने सम्वन्धमा | टोखा नगरपालिकाको तेह्रौं नगरसभाको सि.नं.३०१ मा अनुदानमा साबुन बनाउने मेसिन उपलव्ध शिर्षकको कार्यक्रम स्वीकृत भएको, टोखा नगरपालिकाको नगरसभाबाट स्वीकृत आ.ब.२०८०/८१ को नीति तथा कार्यक्रम अन्तर्गत नव उघमी सिर्जना तथा विघमान उघमीको स्तरोन्नती गर्न कानुन वनाई लागत साझेदारीमा प्रविधि हस्तान्तरण गर्ने नीति लिईएकोमा नीति/ कार्यक्रम बमोजिम हाल सम्म लागत साझेदारीमा प्रविधि हस्तान्तरण गर्ने सम्वन्धी कानुन नवनेको, उल्लेखित कानुन हाल सम्म नवन्दा नगरसभाबाट स्वीकृत आयोजना कार्यान्वयन हुन नसकेकोले कानुन निर्माण भए पश्चात् प्रविधि हस्तान्तरण सम्वन्धी कार्य सोहि कानुन बमोजिम हुने गरी हाललाई नीति/कार्यक्रमको मर्म बमोजिम नव उद्यमी सिर्जना गर्न तेह्रौं नगरसभाको सि.नं. ३०१ मा स्वीकृत अनुदानमा साबुन बनाउने मेसिन उपलव्ध शिर्षकको |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | कार्यक्रम कार्यान्वयनको लागि उपलव्ध भएको मेसिन नियमित रुपमा संचालन गर्नुपर्ने, अन्य ब्यक्ति/निकायलाई विक्री वितरण गर्न नपाईने, नियमित रुपमा संचालन भएको नपाईएमा नगरपालिकाले जुनसुकै वेला फिर्ता लिन सक्ने, स्थानीय रोजगारी सिर्जना गर्नु पर्ने जस्ता शर्तहरु तोकी सम्वन्धित उद्यमीको २० प्रतिशत र नगरपालिकाको ८० प्रतिशत लागत साझेदारी हुने गरी टोखा नगरपालिका वडा नं. १ स्थित रुखमुनी छहारी कृषक समूहलाई लागत साझेदारीमा सावुन वनाउने मेसिन उपलव्ध गराउन सम्वन्धित समूहसंग प्रविधि हस्तान्तरण सम्वन्धी सम्झौता गरी प्रचलित सार्वजनिक खरिद कानुन बमोजिम सावुन वनाउने मेसिन खरिद गरी सम्वन्धित समूहलाई खरिद गरिएको मेसिन हस्तान्तरण गर्ने । |
| ७ | टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, , २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने । | (तलको तालिका हेर्नुहोस्) |

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १. | उपकार कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा-१ | |
| २. | नक्सालय इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा ११ | |
| ३. | राधाकृष्ण बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा ७ | |
| ४. | आयनसा बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा ९ | |
| ५. | श्री डि डिजाइन एण्ड बिल्ड. | टोखा न.पा १० | |
| ६. | शाह सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा ९ | |
| ७. | दम खोला कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा ७ | |
| ८. | ईन्दिरा ईन्फ्रास्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा १० | |
| ९. | टि.एस.सी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा ९ | |
| १०. | हिप्टा कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा १० | |
| ११. | रोज डेभलपर प्रा.लि | टोखा न.पा २ | |
| १२. | माँ जन्मभूमि कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा २ | |
| १३. | टोखा आर.बि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा न.पा २ | |
| १४. | भिजन टच प्रा.लि | टोखा न.पा ३ | |
| १५. | सुरुङ्ग एस. बिल्डर्स एण्ड कन्सल्टिङ्ग प्रा.लि | टोखा न.पा १० | |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| ८ | विविध | १. नगरपालिकाको तेह्रौं/ चौधौं नगरसभाकाट स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरु समयमानै कार्यान्वयनमा लाग्न निर्दशन गर्ने साथै स्थानीय उपभोक्ता समिति/ लाभग्राही समूह मार्फत संचालन हुने आयोजना तथा कार्यक्रमहरु २०८० फागुन मसान्त भित्र सम्झौता गरी सक्ने गरी मिति २०८० माघ १९ मा भएको निर्णयलाई पुनरावलोकन गरी सम्झौता गर्ने अवधि २०८० चैत्र मसान्त सम्म थप गरी सबै सरोकारवालाहरुलाई जानकारी गराउने ।<br>२. टोखा नगरपालिकाको प्रमुख प्रशासकीय भवनको पछाडी रहेको साविकको टहरामा क्यान्टिन निर्माणका लागि लागत अनुमान अनुसारको रकम रु १० लाख तेह्रौं नगरसभाको सि.नं. २८२ मा विनियोजित रकम मध्येबाट विनियोजन गरि क्यान्टिन निर्माण प्रकृया अगाडि बढाउने ।<br>३. नगरपालिकाको भवन तथा वस्ती विकास शाखामा रहेका नक्सा सम्वन्धि फाईलहरु |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

व्यवस्थापनको लागि विद्यमान टहराको छाना मर्मत एवं अन्य कार्यका लागि लागत अनुमान अनुसारको रकम रु ५ लाख तेह्रौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट विनियोजन गरी मर्मत कार्य अगाडि बढाउने ।

४. टोखा नगरपालिका वडा नं. ६ को रिटेनिङ्ग वाल तथा कम्पाउण्ड वाल निर्माण (ठेक्का नं. ३५/२०७९-८०) को लागि साविकमा सम्झौता बमोजिम विनियोजन हुनु पर्ने रकम भन्दा कम विनियोजन भएकोले नपुग रकम रु २७३८४७/- तेह्रौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट दुर्लभ कुण्डला जे.भी.लाई नियमानुसार भुक्तानी उपलब्ध गराउने ।

५. टोखा नगरपालिकाको मिति २०८० असोज २४ गतेको नगरकार्यपालिका बैठकबाट स्वीकृत भएको वसुन्धरा हाईट कोलनी सामुदायिक भवन निर्माण/ मर्मत शिर्षकको आयोजना कार्यान्वयनको लागि ५ नं. वडा कार्यालयको मिति २०८०/१०/११, च.नं. १११३ को सिफारिस पत्र समेतको आधारमा वसुन्धरा हाईट कोलनी टोल विकास संस्थासंग सम्झौता गरी प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।

६. वडा नं.२ स्थित चण्डेश्वरी मा.वि.लाई अतिरिक्त कक्षा संचालनको लागि २ लाख अनुदान सहयोग उपलब्ध गराउने ।

७. नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलब्ध गराउने ।

| क्र.स | सवारीको विवरण | भुक्तानी गर्नु पर्ने रकम | सवारी प्रयोगकर्ता/ चालक/ मर्मत भएको पार्ट |
|---|---|---|---|
| १ | वा. १ ग. २७०३ | ७५७१०/- | अविनाश खड्का (टिपरको टायर फेर्ने कार्य) |
| २ | वा. प्र. ०२-००१ व ४७३९ | ६७०९/- | उमेश श्रेष्ठ ( मर्मत) |
| ३ | वा.प्र.०२-००१ व ४७४६ | ८४००/- | सौगात श्रेष्ठ ( मर्मत) |
| ४ | बा. २ ब ३३२४ | १८७१५/- | जीवन कुमार बिष्ट (मर्मत) |
| ५ | वा.प्र.०२१ बा ३१२० | ४०३४३/- | सन्तोष कुँवर ( मर्मत) |
| ६ | वा.प्र.००२००१ व ४७४९ | ७००५/- | कुबेर ढुगाँना (मर्मत) |

८. तेह्रौं नगरसभाको सि.नं. ७४७ मा विनियोजित रकम मध्येबाट वडा नं. ६ स्थित शितलवस्ती चोक देखि महिलासंघ सम्मको खानेपानी लाईन विस्तारका लागि कार्यको लागि वडा कार्यालयले काठमाडौं उपत्यका खानेपानी लि.को लागत अनुमान समेत संलग्न गरी कार्यान्वयनको लागि लेखि पठाएकोमा उक्त कार्यको लागि काठमाडौं उयत्यका खानेपानी लि.महाराजगञ्जबाट प्राप्त लागत अनुमान रु.११०००९/- प्राप्त भएकोले विनियोजित रकम

CS CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | मध्येबाट लागत अनुमान अनुसारको रकम टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलब्ध गराउने । <br>९. अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा वडा नं. ७ बाट आयोजित कार्यक्रमको लागि सामाजिक रुपान्तरण समाजलाई कायदिशको अनुमोदन गर्दै कार्यक्रम खर्च शिर्षकबाट रु. ५० हजार भुक्तानी उपलब्ध गराउने । <br>१०. मिति २०८० फागुन २८ गते सोमबार जीवन विज्ञान परिषर टोखा एवं टोखा नगरपालिकाको संयोजनमा खुशी विज्ञान कार्यक्रम संचालन भएकोमा उक्त कार्यक्रमको लागि नपुग रकम रु. ६४३३४/- थप गरी तेह्रौं नगरसभाको सि.नं. २०७ मा विनियोजित रकम मध्येबाट भुक्तानी गर्ने । <br>११. वडा नं. ५ स्थित खानेपानी बोरिङ्ग निर्माण तथा रिजर्भ ट्याङ्की निर्माणको लागि चौधौं नगरसभाको सि.नं. ९० मा आयोजना स्वीकृत भई रु ४० लाख रकम विनियोजन भएकोमा बोरिङ् निर्माणको लागि विनियोजित रकम मध्येबाट Ground water potential Study using Vertical Electrical Sounding (VES) Survey कार्यको लागि सोहि शिर्षकमा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसार नियमानुसार खर्च गर्ने । <br>१२. टोखा नगरपालिका वडा नं. १ स्थित जहानियाँ गाउँ सडक निर्माण उपभोक्ता समिति लाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने । <br>१३. तेह्रौं नगरसभाको सि.नं. २४० मा नक्सापाससंग सम्वन्धित घरधनीहरुलाई अभिमुखीकरण कार्यक्रम शिर्षकको कार्यक्रम स्वीकृत भएकोमा सोलाई संशोधन गरी जनप्रतिनिधि तथा नक्सापाससंग सम्वन्धित कर्मचारीहरुलाई नक्सापास संग सम्वन्धित अभिमुखीकरण/तालिम कार्यक्रम संचालन गर्ने । <br>१४. टोखा नगरकार्यपालिकाको मिति २०८०-८-२८ को कार्यपालिकाबाट हरिकृष्ण अधिकारीको घर देखि वासु अधिकारीको घरसम्म ह्युमपाईप राखी ढलान राख्ने कार्य शिर्षकको आयोजना स्वीकृत भएकोमा सो आयोजनालाई संशोधन गरी जहाँनियाँगाउँ सडक स्तरोन्नती वाल तथा ढलान शिर्षकको आयोजना कायम गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने । <br>१५. आर्थिक ऐन, २०८० ले दिएको अधिकार प्रयोग गरी ऐ. ऐनमा उल्लेख नभएका तपशिल बमोजिमको व्यावसायको आ.ब.२०८०/८१ को लागि बार्षिक व्यावसाय कर/ शुल्क तपशिल वमोजिम तोक्ने । |

| सि.नं. | व्यावसायको प्रकृति | ग (३ लाख सम्म पूजी भएका) | ख (३ लाख देखि १० लाख सम्म पूजी भएका) | क ( १० लाख देखि माथि पूजी लगानी भएका) |
|---|---|---|---|---|
| १ | संचार सेवा (छाता | ३००० | ४००० | ५००० |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | संस्था, गैर नाफामूलक संस्थाको रुपमा दर्ता भएको) | | | |

१६. टोखा नगरपालिका वडा नं. २ र ३ मा रहेको टोखा प्राचीन वस्तीमा भित्र ६ पाँग्रे देखि माथिको गाडी प्रवेश निषेधको लागि नेपाल प्रहरी, ट्राफिक प्रहरी, नगरप्रहरी वल समेतको समन्वयमा वस्ती प्रवेशको मुख्य मुख्य सडकमा ट्राफिक संकेतहरु/ सूचना बोर्डहरु राखी कार्यान्वयन गर्ने । ट्राफिक नियम उल्लघंन गरेको पाईएमा पहिलो पटक रु ५ सय, दोश्रो पटक रु १ हजार र सो भन्दा पछि प्रत्येक पटक रु १५ सय जरिवाना तोक्ने ।

१७. टोखा नगरपालिकाको टोखा सस्कृति संरक्षित क्षेत्र विकास समिति गठन आदेश, २०७५ बमोजिम गठन भएको टोखा सस्कृति संरक्षित क्षेत्र विकास समिति पुनर्गठन गर्नको लागि वडा नं. २ र ३ को वडा समितिको संयुक्त बैठकबाट सिफारिस भई आए पश्चात पुनर्गठन गर्ने ।

१८. टोखा नगरपालिकाको प्रशसकीय भवनको सभाहलमा स्टेज निर्माण तथा दर्ता चलानी, स्तनपान कक्ष पार्टेशन गर्ने कार्यको लागि नगरपूर्वाधार शिर्षकमा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिमको रकम रु ५६५७९१/- विनियोजन गर्ने ।

१९. टोखा नगरपालिकाको नगरसभाको तेह्रौं अधिवेशनबाट स्वीकृत सि.नं. ९२३ को आयोजना स्थानीय उत्पादनको वजारिकरणका लागि बिक्री कक्ष/ कोसेली घर निर्माण कार्यान्वयनको लागि टोखा नगरपालिका वडा नं. ९ स्थित वडा कार्यालय संगैको सार्वजनिक जग्गामा बिक्री घर / कोसेली घर निर्माण कार्य सिद्धिलक्ष्मी टोल विकास समिति मार्फत निर्माण कार्य अगाडि बढाउने ।

२०. सामुदायिक तथा संस्थागत विद्यालयमा मध्यपान,धुम्रपान तथा सुर्तीजन्य पदार्थ सम्वन्धमा नियन्त्रण, रोकथाम नियन्त्रण, रोकथाम र जनचेतनायुक्त स्वास्थ्य शिक्षामा प्रवर्द्धन गर्न चित्रकला प्रतियोगिता तथा कार्यशाला गोष्टी कार्यक्रम आयोजना गर्ने ।

२१. टोखा नगरपालिका वडा नं. ८ र ११ जोड्ने निर्माणाधिन वानियाँटार पुलमा पुलको उचाईसंग सडकको सतह मिलाई सडकको आवतजावतलाई सहज वनाउन वडा नं. ८ पट्टीको भागमा सडक स्तरोन्नती (वाल निर्माण, सडक ढलान लगायतका कार्य) गर्ने कार्यको लागि आयोजना स्वीकृत गरी विद्युतिय वोलपत्रको माध्यमबाट आयोजना कार्यान्वय प्रकृया अगाडि बढाउने । सो को लागि तेह्रौं नगरसभाको सि.नं. २८३ मा विनियोजित रकम मध्येबाट रु ३८ लाख रकम विनियोजन गर्ने ।

२२. टोखा नगरपालिका वडा नं. ६ स्थित सुर्यडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत संचालित खानेपानीलाई डिजिटलाईज गर्न Watermark र Metermark सफ्टवेयर निर्माण लगायत अन्य प्रविधि जडानको लागि सूचना प्रणाली तथा सफ्टवेयर निर्माण / संचालन खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसार नियमानुसार खर्च गर्ने ।

२३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०-११-४, च.नं. ४३६०२ को पत्रबाट आयोगमा दर्ता नं. c-०४८४२३ को उजुरी उपर आवश्यक कार्वाहीको लागि

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मनमैजु, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | अनुरोध भई आएकोमा चालु आ.ब. २०८०/८१ को लागि प्रदेश सशर्त कार्यक्रम अन्तर्गत जालपा खानेपानी वोरिङ्ग देखि वानियाँटार हाईटको मगर वस्ती सम्म दुवैतर्फ खानेपानी पाईप जडान कार्य, टोखा-८ र ३ काठमाडौं शिर्षकको आयोजना स्थानीय जनताको मागको आधारमा प्रदेशसभाबाट स्वीकृत भई सशर्त अनुदान अन्तर्गत यस नगरपालिका मार्फत कार्यान्वयनको लागि हस्तान्तरण भई आएको, वडाका जनप्रतिनिधिको रोहवरमा आमभेला गरी सो आयोजना कार्यान्वयनको लागि आयोजनाबाट लाभान्वित हुने व्यक्तिहरु समेटिएको श्री स्वस्थ्यानी वासुकी टोल विकास संस्था संग सम्झौताको लागि सम्वन्धित वडा कार्यालयबाट सिफारिस भएको, वडाको जनप्रतिनिधिको रोहवरमा गठित संस्थासंग वडा कार्यालयको सिफारिसको आधारमा नगरपालिकाले उक्त आयोजना कार्यान्वयको लागि सम्झौता गरी हाल उक्त आयोजना कार्यान्वयनको चरणमा रहेको, सो समिति/ संस्थामा आयोजना स्थल वरपरका वासिन्दा सहभागि भएको हुदाँ अन्य ठाउँको समितिलाई सम्झौता गर्न लगाएको भन्ने व्यहोरा झुट्ठो रहेको, सो कार्य ठेक्कामा नदिई सम्वन्धित टोल विकास संस्थाले नै आयोजना कार्यान्वयन गरिरहेको, स्थानीय जनताको आम भेलाबाट सम्झौता गर्नको लागि संस्था तथा स्थानीय अनुगमन समिति गठन भएको र कार्य सम्पन्न भए पश्चात सामाजिक परीक्षण, खर्च सार्वजनिकीकरण समेत गरिने हुदाँ उपभोग गर्ने जनतालाई गुमराहमा राखे कार्य नभएको, सम्वन्धित वडाका जनप्रतिनिधि विजय वानियाँले जनप्रतिनिधिको हैसियतले आयोजनाको अनुगमन गर्ने कार्य मात्र गरेको हुदाँ निजको कुनै मिलेमतो रहेको नदेखिएको, आयोजना हाल संचालनकै चरणमा रहेको र उक्त आयोजना संचालनको क्रममा कुनैपनि रकम हिनामिना भएको नदेखिएको र आगामी दिनमा समेत हिनामिना हुन नदिन नगरपालिका प्रतिवद्ध रहेकोले उजुरीमा उल्लेखित आरोपहरु तथ्यहिन, भ्रामक र झुठ्ठो रहेको देखिएकोले सम्झौता बमोजिमको कार्य सम्पादन गर्न सम्वन्धित टोल विकास संस्थालाई अनुमति दिने, स्वीकृत लागत अनुमान वमोजिमको कार्य सम्पन्न गराई सम्पन्न भएको कामको मूल्याङ्कन गरी भुक्तानी प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिई यस निर्णयको व्यहोरा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंलाई जानकारी गराउने । |
| | | २४.टोखा नगरपालिका वडा नं. ९, साविक गोगंवुं गा.वि.स. वडा नं. ६, सिट नं.१०२०९८४०८, कि.नं. ८१, क्षेत्रफल २-८-०-० को नदी उकासको सार्वजनिक जग्गा मध्ये मुक्तेश्वर महादेव मन्दिरले ओगटेको क्षेत्र देखि हाल भै रहेको अस्थायी प्रहरी विटले ओगटेको तथा सो तर्फको वाँकी खाली जग्गा विपद्को समयमा प्रयोग गर्न नसकिने / आवश्यक नपर्ने भनी वडा कार्यालयबाट सिफारिस भई आएकोले उल्लेखित किता नं.को सो क्षेत्रको जग्गामा बिष्णुमति खोला तथा सडकको मापदण्ड छोडी सामुदायिक सेवा केन्द्र, गोगंवुं तथा प्रहरी प्रभाग, नयाँ बसपार्कको संयुक्त प्रयोजनार्थ भवन बनाउन भोगाधिकारको लागि स्वीकृति प्रदान गर्न जिल्ला प्रशासन कार्यालय एवं अन्य सोसंग सम्वन्धित कार्यालयहरुलाई सिफारिस गर्ने । |
| | | २५.टोखा विष्केट जात्रा २०८१ संचालनको लागि तेह्रौं नगरसभाको सि.नं. २६९ मा विनियोजित रकम मध्येबाट रु १० लाख विनियोजन गरी टोखा संस्कृति संरक्षित क्षेत्र |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | विकास समिति मार्फत कार्यान्वयन गर्ने गरी प्रकृया अगाडि बढाउने ।<br>२६. टोखा नगरपालिका वडा नं. ७ वसुन्धारामा २०८०/२/३० गते गएको पहिरोले वरपरका स्थानीय एवं घरधनीहरुलाई थप क्षति हुने अवस्था रहेकोले उक्त पहिरो नियन्त्रण गर्न बाटोको सीमानामा (सावर्जनिक स्थान) Pile र massonary wall निर्माण गर्न मर्मत संभार शिर्षकमा विनियोजन रकम मध्येबाट नगरपालिका ६० प्रतिशत र स्थानीय लाभग्राही समूह ४० प्रतिशत लागत व्यहोर्ने गरी निर्माण प्रकृया अगाडि बढाउने ।<br>२७.टोखा नगरपालिकाको व्यवसाय दर्ता सम्वन्धी विवरण उल्लेख भएको सचेतनामूलक अडियो/ भिडियो सन्देश र फोहोरमैला ब्यवस्थापन / सरसफाई ( सावर्जनिक स्थलमा जथाभावी फोहोरमैला फाल्न नहुने फालेमा हुने वेफाईदा) सम्वन्धी सचेतनामूलक विवरण उल्लेख भएको अडियो/ भिडियो (TVC) निर्माण प्रकृया परामर्श सेवा मार्फत अघि बढाउन सूचना प्रणाली तथा सफ्टवेयर निर्माण / संचालन खर्च शिर्षक मध्येबाट लागत अनुमान अनुसार खर्च गर्ने ।<br>२८. टोखा नगरपालिका वडा नं. ११ निवासी पदम बहादुर थापाको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको एवं शारीरिक अवस्था समेत अस्वस्थ्य रहेको हुदाँ निज पदम बहादुर थापालाई रु १ लाख अन्य सामाजिक सुरक्षा अनुदान खर्च शिर्षकबाट आर्थिक सहायता उपलव्ध गराउने ।<br>२९.वडा नं. ३ स्थित शान्तिवाटिका चोक देखि प्रज्ञान स्कुल जाने सडकको साविक गोगंवुँ गा.वि.स वडा नं. २ सिट नं. १०२९०५१७ कि.नं. ३५ र ११३ का जग्गाहरुले सडकलाई बाधा पुर्याएको भाग हटाउन १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी सडक आवत जावत सहज वनाउने ।<br>३०. २०८०-५-२९ को का.पा बैठकबाट झुडोल प्रवेश नगर टोल अन्तर्गत शिवमन्दिर देखि कमलसिंह बस्नेतको घर सम्मको आयोजना स्वीकृत भई रु १८ लाख विनियोजन भएकोमा सो लाई परिवर्तन गरी उक्त दोश्रो कार्यपालिका बैठकको निर्णयानुसार विनियोजित रकमलाई वडा नं. ३ स्थित झुडोल सडक एवं पार्क स्तरोउन्नती मा परिवर्तन गर्ने ।<br>३१. टोखा नगरपालिकाका जनप्रतिनिधिहरुलाई क्षमता विकास तालिम तेहौं नगरसभाको सि.नं. २२५ मा विनियोजित रकमबाट सञ्चालन गर्ने ।<br>३२.वालविकास कक्षा देखि कक्षा ३ सम्मको लागि स्थानीय विषय अन्तर्गत नेपाल भाषाको पाठ्यपुस्तक विकास गर्न २०८१ जेठ मसान्त सम्म पाठ्यपुस्तकको मस्यौदा तयार गरी पेश गर्ने गरी तपशिल वमोजिम कार्यदल गठन गर्ने ।<br>अध्यक्षः- शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख श्री बाबुराम गौतम<br>उपाध्यक्षः- श्रीकृष्ण मान्नधर<br>सदस्यः- श्री दीपक तुलाधर<br>सदस्यः- श्री प्रशान्त डंगोल |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | सदस्यः- श्री रविना श्रेष्ठ<br>सदस्यः- श्री राम डंगोल<br>सदस्यः- श्री दिपेन्द्र डंगोल<br>सदस्यः- श्री कृतन श्रेष्ठ<br>सदस्यः- श्री पद्म कुमार श्रेष्ठ<br>सदस्य सचिवः- श्री खगेन्द्र सिंह धामी<br>३३. तपशिल बमोजिमको आयोजना तथा कार्यक्रमहरु स्वीकृत गरी उक्त आयोजना/कार्यक्रमहरुको कार्यान्वयन गर्न तपशिल बमोजिमको रकम तेह्रौं/चौधौं नगरसभाको विभिन्न शिर्षकहरुमा विनियोजित रकम मध्येवाट विनियोजन गर्ने । |

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १. | वडा नं. ८ को गैहीगाउँ काठमाडौं यूरो स्कुल देखिको भित्री सडक हुदै जालपाचोक तर्फ निस्कने सडक कालोपत्रे | ८ | १०००००० | २७५ |
| २. | कृषक समूहका सदस्यहरुलाई फोहोरमैला व्यवस्थापन तालिम तथा कम्पोष्ट वीन वितरण कार्यको लागि नपुग रकम थप | १ | ८०००० | २०७ |
| ३. | टोखा ज्येष्ठ नागरिक समाजलाई विविध कार्यालय सामाग्री हस्तान्तरण | | ४०००० | २०७ |
| ४. | जन सांस्कृतिक प्रतिष्ठान नेपालको शुभकामना साँझ कार्यक्रमको लागि सहयोग | | ५०००० | |
| ५. | पिण्डेश्वर महादेव मन्दिर परिसरमा टायल,दियो स्टायाण्ड अन्य मर्मत निर्माण | ३ | ५००००० | २७० |
| ६. | वडा नं. ११ स्थित गोगंवुं गणेशस्थान गण्डकी सपिङ्ग सेन्टर अगाडीको सडक चौडा एवं व्यवस्थित वनाउने कार्य | ११ | ४९०००० | २७० |
| ७. | दलित विकास केन्द्र, काठमाडौं मार्फत टोखा नगरपालिकामा रहेका दलित समुदायका युवा तथा दलित महिला वडा सदस्यहरुलाई | ६ | ९०००० | २०७ |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | | |
|---|---|---|---|---|---|---|
| | | | सशक्तिकरण, अभिमुखीकरण तथा नेतृत्व विकास कार्यक्रम संचालन | | | |
| | | ८. | बानियाँटार हाईटमा मंगाल निर्माण | ३ | ५७००० | २७० |
| | | ९. | ११ नं. वडा स्थित वडा कार्यालयसंगैको सामुदायिक भवनको माथिल्लो तल्लामा अस्थायी प्रहरी चौकीको लागि कोठा निर्माण | ११ | ३००००० | २७० |
| | | १०. | नैनदेवी हरिहर आश्रम धार्मिक वन क्षेत्रको निशा अधिकारीको घर तलको पहिरो रोकथाम थप रकम | ६ | १५००००० | २७० |
| | | ११. | वडा नं. ९ स्थित गणेशलक्ष्मी मार्गमा ढुगाँ बिछ्याउने कार्य | ९ | २५०००० | २८२ |
| | | १२. | सत्यसाई टोलमा सडक ढलान निर्माण कार्यको लागि नपुग थप | ३ | १६०००० | १०७६ ( समपुरककोष) |
| | | १३. | वडा नं. ३ स्थित मेलमिलाप टोलमा सडक स्तरोन्नती कार्य ( सडक ढलान) | ३ | ५००००० | २७० |
| | | १४. | सपनतिर्थ क्षेत्र परिसरमा सरसफाई,रंगरोगन एवं अन्य विविध निर्माण हराभरा | २ | ५००००० | २७० |
| | | १५. | जनकल्याण सामाजिक केन्द्र मार्फत जनचेतनामूलक सडक नाटक कार्यक्रम | | १००००० | २०७ |
| | | १६. | वडा नं. ३ स्थित फर्सित क्षेत्रमा ढल निकास कार्य | ३ | २९५००० | २८२ |
| | | १७. | वडा नं. २ स्थित वज्रयोगिनी मन्दिर जाने सडक ग्राभेलिङ | २ | १००००० | २७० |
| | | १८. | काजिमान मार्ग शिवमन्दिर ओरालोमा खानेपानीको साँचो निर्माण | ६ | ६०००० | २७० |
| | | १९. | सर्वकल्याण समाज मार्फत युवा उद्यमी शुरु गर्ने प्रशिक्षण कार्यक्रम संचालन | ९ | २००००० | २०७ |
| | | २०. | टोखा विष्केट जात्राको लिङ्गो कटान गरी ल्याउने एवं अन्य | २/ ३ | ७५००० | २६९ |

आ.व.२०८०/८१ को एघारौं कार्यपालिका वैठक

फागुन ३०, २०८०

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | | |
|---|---|---|---|---|---|---|
| | | | विविध कार्यको लागि सहयोग | | | |
| | | २१. | वडा नं. २ स्थित चण्डेश्वरी मा.वि. पछाडि पहिरो रोकथामको लागि वाल निर्माण कार्य | २ | ५००००० | २८२ |
| | | २२. | नगरपालिकाको प्रशासनिक भवनमा पानी वोरिङ्ग तथा फिल्टर जडान कार्य | | ३८४५२७.७ | २८२ |

निर्णय नं. २ संग सम्वन्धित

मेयर दीर्घायू कार्यक्रम कार्यान्वय कार्यविधि,२०७८ मा संशोधन भएका व्यवस्थाहरु

१. कार्यविधिको नामः मेयर दीर्घायू कार्यक्रम कार्यान्वय कार्यविधि, २०७८ को सट्टा मेयर दीर्घायू निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम कार्यान्वय कार्यविधि, २०८० राख्ने

२. कार्यविधिको दफा ४ (१) (क) मा ८० बर्ष वा सो भन्दा माथिका सबै ज्येष्ठ नागरिक भन्ने शब्दको सट्टा ६८ बर्ष वा सो भन्दा माथिका सबै ज्येष्ठ नागरिक राख्ने

३. कार्यविधिको दफा ५ को (ज) मा मृगौलाको जाँच Urea cretinine भन्ने शब्दको सट्टा मृगौलाको जाँच **Urea cretinine, sodium, potasium** राख्ने

४. कार्यविधिको दफा ५ को (झ) मा कलेजो जाँच **Billirubin, ALP, SGPT, SGOT** भन्ने शब्दको सट्टा कलेजो जाँच **Billirubin, ALP, SGPT, SGOT, Protein, Albumin** राख्ने

५. कार्यविधिको दफा ५ को खण्ड (त) को पछाडी तपशिल वमोजिम (थ) थप गर्ने
**" Prosted PSA Test "**

६. कार्यविधिको दफा १४ मा फिजिसियन जनरल प्राक्टिसियन १ जना भन्ने शब्दको सट्टा फिजिसियन जनरल प्राक्टिसियन २ जना राख्ने

७. कार्यविधिको दफा १४ मा चिकित्सक १ जना भन्ने शब्दको सट्टा चिकित्सक ३ जना राख्ने

८. कार्यविधिको दफा १४ मा ल्याव टेक्निसियन १ जना भन्ने शब्दको सट्टा ल्याव टेक्निसियन २ जना राख्ने

९. कार्यविधिको दफा १५ मा (४) प्रतिसेवा ग्राही प्रोत्साहन भत्तादर १०० भन्ने शब्दको सट्टा विशेषज्ञ चिकित्सक रु १२५/ राख्ने ।

CamScanner